नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
(.................................शाखा)
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :
च.नं. :

मिति : ..............................

# प्रेस विज्ञप्ति

आज मिति २०७३/११/१७ गतेका दिन मुख्यसचिव डा. सोमलाल सुवेदीज्यूको अध्यक्षतामा बाग्मती सफाइ महाअभियानको आगामी २०७३।११।२८ गते शनिवारका दिन आयोजना गरिने २००औं हप्ताको विशेष कार्यक्रमको तयारीका लागि गठित मूल आयोजक समितिको बैठक सिंहदरबारमा बस्यो । विभिन्न मन्त्रालयका सचिवहरु, सुरक्षा निकायका प्रमुखहरु, हिसान, प्याब्सन, एन्-प्याब्सन र विभिन्न राष्ट्रियस्तरका संघसंस्थाहरुका प्रमुख एवं प्रतिनिधि र वाग्मती अभियन्ताहरुको उपस्थिति रहेको सो बैठकबाट देहाय बमोजिमको निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो प्रेस विज्ञप्ति जारी गरिएको छ ।

निर्णयहरु:

१) मूल आयोजक समिति र विभिन्न उपसमितिको विस्तार गर्ने र सफाइ कार्यक्रमलाई सुन्दरीजलदेखि चोभारसम्मको २८ कि.मि. लामो क्षेत्रलाई १७ खण्डमा विभाजन गरी विभिन्न मन्त्रालयका सचिवलाई जिम्मेवारी तोक्ने ।

२) तोकिएका सचिवको नेतृत्वमा प्रत्येक खण्डमा खटिने टोलीमा निजामति कर्मचारी, सुरक्षा निकाय, विद्यालय, वडा नागरिक मञ्च, सामाजिक तथा धार्मिक संघ संस्था, टोल सुधार समिति, उद्योगी, व्यापारी र पेशागत संघ संस्थालाई सहभागि गराउने ।

३) उक्त दिन विहान ७ बजे देखि ९ बजेसम्म प्रत्येक खण्डमा सफाइ कार्यक्रम सञ्चालन गर्ने र वाग्मती पदयात्राका साथ वाग्मती र मनोहराको दोभानमा विहान ९:१५ देखि १०:३० सम्म मूल कार्यक्रम आयोजना गर्ने ।

४) अव उप्रान्त सरसफाइ सम्बन्धी समाचार, लेख, रचना र सन्देशमूलक सामग्री प्रकाशन गर्न सबै सञ्चार माध्यमलाई अनुरोध गर्ने ।

..............................
दामोदर रेग्मी
सहसचिव/प्रवक्ता

२०७३ फागुन १७ गते

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np